# भेडाबाखा पालन तथा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८०


## रौतमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**भुट्टार, उदयपुर**

**कोशी प्रदेश, नेपाल**


प्रमाणीकरण गर्ने :-

वीरेन्द्र कुमार मगर
अध्यक्ष

प्रमाणित गर्ने :-

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

# भेडाबाख्रा पालन तथा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट निर्णय मिति: २०८०।०६।०९गते।

पृष्ठभुमि:

कुल ग्राहस्थ उत्पादनमा पशु पालन क्षेत्रको ११ प्रतिशत योगदानलाई अझ वृद्धि गर्दै लैजान पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखिबाट व्यावसायीकरणमा परिणत गर्न र तीव्रत्तर लगानी विस्तार गरी समग्र व्यावसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यसका लागि भेडाको उन उत्पादन, प्रशोधन तथा बजारीकरण गरी भेडाबाख्रा पालक कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि उत्पादन गरिने थप सहयोग कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षीत वर्ग सम्म पर्न्याउन र यस व्यावसायलाई आर्थिक उपार्जन स्वोरोजगार प्रवर्द्धन एवं गरिबी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्था ठोस योगदान पुर्न्याउन रौतामाई गाउँपालिका भुट्टार उदयपुरको प्रतिबद्धता र नेपाल सरकारको भेडाबाख्रा पालन प्रवर्द्धन निती तथा कार्यक्रमलाई सहज सरल पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न रौतामाई गाउँपालिकाले **भेडाबाख्रा पालन तथा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८०** जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम **भेडाबाख्रा पालन तथा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८०** रहेको छ।

ख. यो कार्यविधि रौतामाई गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ।

२. परिभाषा:

क. **"गाउँपालिका"** भन्नाले रौतामाई गाउँपालिका भुट्टार उदयपुरलाई सम्झनु पर्नेछ।

ख. **"गाउँ कार्यपालिका"** भन्नाले रौतामाई गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ।

ग. **"पशु सेवा शाखा"** भन्नाले रौतामाई गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्नेछ।

घ. **"कार्यालय"** भन्नाले रौतामाई गाउँपालिका भुट्टार उदयपुरलाई सम्झनु पर्नेछ।

ङ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रौतामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

च. **"समित"** भन्नाले कार्यालयबाट गठित समितिलाई सम्झनु पर्नेछ।

छ. **"कार्यक्रम"** भन्नाले भेडाबाख्रा पालन तथा प्रवर्द्धन कार्यक्रमलाई सम्झनु पर्नेछ।

झ. **"कृषि विकास शाखा"** भन्नाले रौतामाई गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्नेछ।

३. उद्देश्य:

क. नेपाल सरकारको विद्यमान पशुपालन निती तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

ख. भेडाबाख्रा व्यवसायलाई सहजीकरण प्रवर्द्धन एवं व्यावसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्न्याउन सहयोग स्वरुप टेवा प्रदान गर्ने।

ग. भेडाबाख्रा पालन व्यवसायबाट थप रोजगारीका अवसरहरु सिर्जना गरि जीवनस्तरमा सुधार गर्ने।

घ. भेडाबाख्राजन्य उत्पादनको परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्युनिकरण गर्ने।

४. कार्यक्रम अन्तर्गत गरिने क्रियाकलापहरु:

यो कार्यविधि अन्तर्गत रही संचालन गरिने क्रियाकलापहरु निम्नानुसार हुनेछन्।

क. समुहको हकमा: समुह गठन र अभिमुखिकरण तर निजि फर्मको हकमा दर्ता तथा नविकरण भए हुने।

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner

ख. भेडाबाखाको गोठ निर्माण र सुधार

ग. औषधि उपचार तथा खोप कार्य संचालन

घ. भेडाबाखा पालन सँग सम्बन्धित अन्य कार्यहरु संचालन गर्ने

ङ. भेडाबाखा र बोका धुमा खरिद कार्य

## परिच्छेद २

## कार्यक्रम संचालन विधि

५. कार्यक्रम संचालन सम्बन्धि व्यवस्था

५.१ कार्यक्षेत्रः यो कार्यक्रम भेडाको हकमा रौतामाई गाउँपालिका वडा नं १ र ६ मा संचालन हुनेछ भने बाखाको हकमा रौतामाई गाउँपालिकाको सबै वडाहरुमा संचालन हुनेछ।

५.२ रौतामाई गाउँपालिकाले अनुसूची १ बमोजिम कम्तिमा १५ दिनको म्याद राखी प्रस्ताव आहानको सूचना प्रकाशन गर्नेछ।

५.३ यस्तो प्रस्ताव प्रस्तावकले सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

५.४ पेश भएका प्रस्तावहरुको छनौट तथा मुल्याङ्कन गर्न देहाय बमोजिम समिति रहनेछ।

५.१.१ छनौट तथा मुल्याङ्कन समितिः

कार्यालयमा रहेको कृषि तथा पशु विकास सम्बन्धि हेर्ने आधिकारिक समिति भए सो समिति नै छनौट तथा मुल्याङ्कन समिति हुने छ। यदि नभए तपसिल अनुसारको समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | संयोजक |
| कृषि विकास शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

५.५ पेश भएका प्रस्तावहरु छनौट तथा मुल्याङ्कन समितिले छनौट गरि अनुमोदनका लागि गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ।

५.६ प्रस्ताव पेश गर्न देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ।

क नियमानुसार सम्बन्धित निकायहरुमा दर्ता प्रकृया पुरा गरेको हुन पर्नेछ।

ख पशु पालन कार्या सुरु गर्ने तयारी गरेका वा पशुपंक्षी पालन गर्दै गरेको हुनु पर्नेछ।

५.७ छनौट भएका प्रस्तावकले समूह वा फर्मको नाममा बैङ्क खाता खोल्नु पर्नेछ।

५.८ कार्यक्रम संचालन गर्नको लागि कार्यालयले पेश्कि वा भुक्तानी बैङ्क खातामा जम्मा गरिनेछ।

५.९ कार्यक्रममा सहभागि हुने कृषक वा समूहले बाली तथा पशु बिमा गर्नु पर्नेछ।

५.१० प्रस्तावकले रौतामाई गाउँपालिका पशु सेवा शाखाबाट विगत २ आर्थिक वर्ष सम्ममा समान प्रकृतिको कार्यक्रममा रुपैयाँ एक लाख भन्दा बढीको नगद तथा बस्तुगत अनुदान सहयोग लिई सकेको भए छनौट प्रक्रियामा समावेस गराईने छैन।

६. आर्थिक नर्मसः

क. भेडा पालन तथा प्रवर्द्धन कार्यक्रमः

यो कार्यक्रम संचालन गर्दा सम्झौता अनुसार प्राविधिक स्टिमेट तयार गरि खोर निर्माण गरिनेछ साथै भेडा तथा धुमा खरिद गर्दा सरकारी दर रेट अनुसार खरिद गरिनेछ। यदि सरकारी दर रेट नभएमा वा नपाईएमा कार्यालयमा

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भारत, उदयपुर
कोशी प्रदेश, नेपाल

वीरेन्द्र कुमार मगर
अध्यक्ष

रहेको खरिद समितिको निर्णयानुसार सार्वजनीक सूचाना प्रकाशन गरि न्युनतम् दर रेटलाई आधार मानेर दर रेट निर्धारण गरि आवश्यक संख्यामा खरिद गर्न सकिनेछ।

ख. बाख्रा पालन तथा प्रवर्द्धन कार्यक्रम:

यो कार्यक्रम संचालन गर्दा सम्झौता अनुसार प्राविधिक स्टिमेट तयार गरि खोर निर्माण गरिनेछ साथै बोका तथा बाख्रा खरिद गर्दा सरकारी दर रेट अनुसार खरिद गरिनेछ। यदि सरकारी दर रेट नभएमा वा नपाईएमा कार्यालयमा रहेको खरिद समितिको निर्णयानुसार सार्वजनीक सुचाना प्रकाशन गरि न्युनतम् दर रेटलाई आधार मानेर दर रेट निर्धारण गरि आवश्यक संख्यामा खरिद गर्न सकिनेछ।

७. आर्थिक प्रशासन

कार्यक्रमको लेखा लेखाकंन लेखा परिक्षण तथा आर्थिक कारोबार प्रचलित आर्थिक ऐन तथा नियमावली बमजिम गरिनेछ।

८. अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था

यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन रौतामाई गाउँपालिकामा रहेको गा पा स्तरीय अनुगमन तथा मुल्याङ्कन समिति र वडा स्तरिय अनुगमन तथा मुल्याङ्कन समिति मार्फत गराईनेछ।

९. थपघट तथा हेरफेर

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन रौतामाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख. यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्ठता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि रौतामाई गाउँ कार्यपालिकाले आवश्यक अनुसार व्याख्या गर्न सक्नेछ र गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ।

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगा, उदयपुर
कोशी प्रदेश, नेपाल

वीरेन्द्र कुमार मगर
अध्यक्ष

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

### प्रस्ताव आह्वानको सूचनाको ढाँचा

यस रौतामाई गाउँपालिका पशु सेवा शाखा भुट्टार उदयपुरको आ व ......................... को स्विकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न शर्तहरु पालना गर्ने गरी .............................. कार्यक्रमहरुमा साँझेदारी गर्न यस रौतामाई गाउँपालिकाका ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित मितिले ..... दिन भित्र रौतामाई गाउँपालिकाको ................ **कार्यक्रम सन्चालन कार्यविधि** ........... ले तोके अनुसारको ढाँचामा प्रस्ताव दर्ता गर्न हुन आह्वान गरिन्छ । साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता नहुने र रित नपुगेका प्रस्तावहरु छनौट प्रक्रियामा समेत समावेश नगरीने व्यहोरा सुचित गरिन्छ साथै थप जानकारीका लागि रौतामाई गाउँपालिका पशु सेवा शाखा, भुट्टार, उदयपुरमा सम्पर्क गर्न सक्नुहुनेछ।

आवस्यक कागजातहरु:

१. अनुसूचि २ अनुसारको आवेदन पत्र वा निवेदन।

२. अनुसूचि ३ अनुसारको सम्क्षीप्त कार्य योजना।

३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

४. कृषी फार्म तथा कम्पनीको हकमा सस्था दर्ता प्रमाण पत्र प्यान भ्याट दर्ता प्रमाणपत्र र पछिल्लो आ व को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

५. कृषक समुह वा कृषी सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र प्यानभ्याट दर्ता प्रमाणपत्र संस्था संञ्चालन समितिको बैठक निर्णयको प्रतिलिपी ।

६. लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।

७, सम्वन्धित वडा कार्यालयको कार्यक्रम संञ्चालनमा दोहोरो सहयोग नहुने सहितको सिफारीस पत्र।

८. हाल सम्म कुनै पनि सरकारी तथा गैरसरकारी कार्यालयबाट समान प्रकृतिको अनुदान नलिएको स्वो घोषणा पत्र।

९. आफुले व्यावसायीक रुपमा पाल्दै आएको पशुपंन्छीको हालै बिमा गरेको प्रमाणको प्रतिलिपि।

९. अन्य छुट कुराहरु प्रचलित नियमानुसार हुनेछ।

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner

अनुसूची २

आवेदन नमूना

श्री रौतामाई गाउँपालीका

मुरार उदयपुर ।

विषय: कार्यक्रममा सहभागी गराई दिने सम्बन्धमा ।

महोदय,

तहाँ रौतामाई गा.पा को मिति गतेको प्रकाशित सूचना अनुसार ...................................... संन्चालक निवेदक म ............................................................... ले ...................... कार्यक्रममा तपशिल बमोजिमको कार्यक्रमा लागत साझेदारीमा संचालन गर्न ईच्छुक भई आवश्यक कार्वाहीको लागि यो निबेदन पशे गरेको छु ।

निवेदकको

दस्तखत:

मितिः

प्रस्तावकको नाम र थरः

स्थायी ठेगानाः रौतामाई गाउँपालीका वडा नं.

प्रस्तावकको सम्पर्क नं.

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम संचालन हुने स्थानको पुरा ठेगानाः रौतामाई गाउँपालीका वडा नं.

संलग्न कागजातको सूचीः

| संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|
| व्यावसायको संक्षिप्त कार्ययोजना । | |
| उपयुक्ता र विगत ३ वर्षमा अनुदान प्रदान नभएको जानकारी सहितको स्थानीय तहको सिफारिस। | |
| कार्यक्रम कार्वान्वयन स्थलको जग्गाको स्वामित्व देखिने प्रमाण पत्रको प्रतिलिपी वा लिजको घर जग्गामा कार्यक्रम स्थापना संचालन गर्ने भएमा जग्गा धनी सँग कम्तीमा १० वर्षको करारनामा वा सम्झौता पत्र । | |
| समूह/समिति/ सहकारीको हकमा कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपी । | |
| अन्य प्रमाण पत्रहरु )तालिम/शैक्षिक योग्यता/एकल महिला/विदेशबाट फर्किएको भए पासपोर्ट आदि( को प्रतिलिपी । | |
| सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम सरकारी निकायमा दर्ता/ भयको प्रमाण /नबिकरण प्रत्र प्रतीलीपी | |
| अघिल्लो आर्थिक बर्ष सम्म अद्यावधिक गराएको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी भ्याट/स्थायी लेखा नम्वर प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी र अघिल्लो आ.ब.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी । | |
| पशुको हकमा बिमाको कागजात र किसान परिचयपत्र पेश गर्ने प्रस्तावकलाई प्राथमिक्ता दिइनेछ। | |
| नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी । | |

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुरार, उदयपुर
कोशी प्रदेश, नेपाल

वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner

अनुसूची ३

व्यावसायिक कार्य योजनाको नमूना

१.आवेदकको सामान्य जानकारी

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | |
| प्रस्ताव पेश गर्ने समूह/समिति/सहकारी/उद्यमी/व्यावसायि/ कम्पनी/फर्मको नाम | |
| कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| संस्थाको हकमा स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| प्याट/पान दर्ता नम्वर | |
| टेलिफोन/मोवाईल नं. | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको ठेगाना | |
| सम्पर्क व्यक्तिको टेलिफोन/मोवाइल नं. | |
| प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा विद्यमान भौतिक सुविधाहरु सडक छ/छैन । | |
| सडक छ/छैन | |
| सडक पक्की/कच्ची | |
| नजिकको बजारको नाम र दूरी (कि.मि.) | |
| विजुली छ/छैन | |
| पानीको व्यवस्था छ/छैन | |
| जग्गाको स्वामित्व (आफ्नै/लिज/सार्वजनिक) | |
| अन्य | |
| लाभान्वित वर्ग र संख्या | |
| उद्यमको किसिम | |

आवश्यक थप जानकारी .

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुनर, उदयपुर
कोशी प्रदेश, नेपाल

वीरेन्द्र कुमार मगर
अध्यक्ष

प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत विवरण :

| क्र सं | मुख्य कृयाकलापहरु | अनुमानित लागत रकम रु. | माँग गरिएको अनुदान रकम रु. | आवेदकको योगदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | | | | | |
| | | | | | |
| कूल जम्मा | | | | | |
| साझेदारी प्रतिशत | | | | | |

*नोट : आवेदकको योगदानमा जग्गाको मूल्य र चालु खर्च समावेस गर्न पाइने छैन ।*

| प्रस्तावक स्थानिय निकाय उद्यमी कम्पनी फार्म व्यवसायि सहकारी कम्पनी समूह समितिको जिंम्मेवार पदाधिकारी | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| कार्यालय/संस्था/फर्मको छाप | |

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृ

रैतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुङ्गार, उदयपुर
कोशी प्रदेश, नेपाल

वीरेन्द्र कुमार मगर
अध्यक्ष

## अनुसूची ४

### लागत साझेदारीको प्रतिवद्धता

रौतामाई गाउँपालीकाको मिति ............................ को सूचना अनुसार रौतामाई गाँउपालिका ......नं. वडा गाउँ/टोल स्थायी ठेगाना भएको श्री ............................................................ फार्म ले लागत साझेदारीमा .......................................................... संचालनका लागि पेश गरेको व्यावसायिक योजना अनुसार अनुमानित कुल लागत रु .......................... को ...... प्रतिशतले हुन आउने रकम रु .......................... अक्षरेपी ...................... बराबरका लगानी आन्तरिक श्रोत बाट वा ऋण मार्फत व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

<u>निवेदकको</u>

दस्तखत :

नाम :

मिति

संस्थाको छाप :

वीरेन्द्र कुमार मगर
अध्यक्ष

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

समान प्रकृतिको अनुदान नलिएको स्वघोषणाको नमूना

गौतामाई गाउँपालीकाको मिति ............................................... को सूचना अनुसार गौतामाई गाँउपालिका ........ नं. वडा गाउँ/टोल स्थायी ठेगाना भएको श्री ................................................... ले लागत साझेदारीमा .......................................................लागि पेश गरेको व्यावसायि योजना सँग मेल खाने कार्यका लागि बिगत ........ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकार मातहतका मन्त्रालय निर्देशनालय बिज्ञ केन्द्रबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारको अन्य सजाय भोग्न समेत तयार छु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत :

नाम :

मिति

संस्थाको छाप :

वीरेन्द्र कुमार मगर
अध्यक्ष

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ६

प्रस्तावकको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्कनका फर्मेटको नमूना

| क्र सं | द नं | आवेदक संस्थाको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भेडाबाखाको संख्या (३०) | उद्यमीको तालिम अनुभव (१०) | पेस गरेको कार्ययोजना (४०) | व्यवसायको सम्भाव्यता (१०) | लक्षित वर्ग (दलित, जनजाति र महिला) (१०) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

पुनश्चः तालिम ३ दिनको भए २ नम्बर।

तालिम ५ दिनको भए ५ नम्बर।

तालिम ५ दिन भन्दा बढीको भए १० नम्बर।

छनौट समितिको पदाधिकारीहरुको नाम थर पद दस्तखत र मितिः

वीरेन्द्र कुमार मगर
अध्यक्ष

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner